आजको मितिः २०७९/१२/१५ गते बुधबार दिनको १४:०० बजे यस गाउँपालिकाको आ.व. २०७९/०८० को हिउँदे अधिवेशनको दोश्रो गाउँ सभा बैठक यस गाउँपालिकाका अध्यक्ष श्री शंकर राज वरालको अध्यक्षतामा बस्यो ।

**उपस्थिती:**

१)अध्यक्ष श्री शंकर राज बराल
२) उपाध्यक्ष श्री ज्वाला प्रसाद न्यौपाने
३) सदस्य श्री सोम प्रसाद बराल
४) सदस्य श्री दौलत कार्की
५) सदस्य श्री कृष्ण प्रसाद पोखरेल
६) सदस्य श्री भक्त बहादुर भुजेल
७) सदस्य श्री गोविन्द बहादुर लुङ्गेली
८) सदस्य श्री रविन कुमार श्रेष्ठ
९) सदस्य श्री रेगन राज थापा
१०) सदस्य श्री सम्झना पोखरेल
११) सदस्य श्री उर्वशी कुमारी दुङ्गेल
१२) सदस्य श्री खरि माया आले (पूर्वछाने)
१३) सदस्य श्री सान्ती कामी
१४) सदस्य श्री सम्वर बहादुर माझी
१५। सदस्य श्री अम्वर दिप बिक
१६) सदस्य श्री विन्दा कुमारी सुनुवार
१७) सदस्य श्री चेत बहादुर खड्का
१८) सदस्य श्री टिका कुमारी वि.क
१९) सदस्य श्री कुमारी माया थापा मगर
२०)सदस्य श्री पुस बहादुर थापा
२१) सदस्य श्री हिमाल बहादुर थापा मगर
२२) सदस्य श्री कृष्ण कुमारी सार्की
२३) सदस्य श्री राम बहादुर ठकुरी
२४) सदस्य श्री गोकर्ण सार्की
२५) सदस्य श्री तारा कुमारी घिमिरे
२६) सदस्य श्री ईन्द्र बहादुर भुजेल
२७) सदस्य श्री भानुभक्त मगर
२८) सदस्य श्री तारा बहादुर खपाङ्गी
२९)सदस्य श्री ईन्द्र माया कामी
३०)सदस्य श्री पुर्णबहादुर थापा
३१) सदस्य श्री लक्ष्मी कुमारी हायू
३२) सदस्य श्री सुनिता विश्वकर्मा (कामी)
३३)सदस्य श्री डोर बहादुर थापा
३४)सदस्य श्री चिना सार्की
३५) सदस्य श्री ध्रुव बहादुर वि.क
३६) सदस्य श्री उदय बहादुर मश्राङ्गी मगर
३७) सदस्य श्री शंकर बहादुर थापा
३८) सदस्य श्री विन्दाराम मग्राती
३९) सदस्य श्री कुशल राई
४०)सदस्य सचिव श्री ठाकुर प्रसाद दाहाल
४१) लेखा अधिकृत श्री सेवक विक्रम राई
४२) प्रशासन अधिकृत श्री तुलसी प्रसाद कोइराला
४३) योजना अधिकृत श्री तिर्थ कुमार भण्डारी
४४) ईन्जिनियर श्री सुशिल प्रसाद शर्मा
४६) आईटी ईन्जिनयर श्री सुविर कार्की
४७) विपद् सम्पर्क अधिकारी श्री रमेश रा[illegible] सुवेदी

**प्रस्तावहरुः**

प्रस्ताव नं १ रकमान्तर सम्बन्धमा ।

प्रस्ताव नं २ योजना संशोधन अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं ३ लेखा समितिको प्रतिवेदन उपर छलफल सम्बन्धमा ।

प्रस्ताव नं ४ समपूरक योजनाहरुको सम्बन्धमा ।

प्रस्ताव नं ५ फेदा खोला पुल निर्माण तथा सडक स्तरोन्नती योजनाको बजेट सुनिश्चितता सम्बन्धमा ।

प्रस्ताव नं ६ उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने सम्बन्धमा ।

प्रस्ताव नै ७ योजना संशोधन गर्ने सम्बन्धमा ।

शंकर राज बराल
अध्यक्ष

ठाकुर प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत

## निर्णयहरु

**निर्णय नं १** प्रस्ताव नं १ उपर छलफल गर्दा चालु आर्थिक वर्षको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको समपुरक तर्फको प्रशासनिक भवन निर्माण शिर्षकको बजेटबाट रु १ करोड रुपैयाँ तपशिल अनुसारको कार्यक्रममा रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क सं | कार्यक्रम | रकम | कैफियत |
|---|---|---|---|
| १ | वडा नं १ बाटो सरसफाई | ७०००००। | |
| २ | वडा नं १ वडा कार्यालय भवन मर्मत | ३०००००। | |
| ३ | कुखुरेटार बजार ~~व्यवस्थापन~~ फिल्ड निर्माण वडा नं २ | ८०००००। | |
| ४ | बाल माध्यामिक विध्यालय शुलिभञ्ज्याङ् विविध व्यवस्थापन अनुदान | ७०००००। | |
| ५ | शहिद बाबुराम पार्क तथा पशुपतिश्वर मन्दिर मर्मत वडा नं ३ | ९०००००। | |
| ६ | ओख्ले खोक्लिङ्ग सडक निर्माण वडा नं ४ | ५०००००। | |
| ७ | फेदाखोला पुलबाट तल्लो फेदा जोड्ने सडक वडा नं ४ | ९०००००। | |
| ८ | डम्पिङ् साईट निर्माण तथा बाटो निर्माण वडा नं ५ | १००००००। | |
| ९ | जनता प्रा वी क्षेत्पा चेनगेट तथा खेलमैदान निर्माण वडा नं ६ | ५०००००। | |
| १० | गणेश प्रा वि मगरबेशी चेनगेट सरस्वति मन्दिर र घेराबेरा वडा नं ६ | ३०००००। | |
| ११ | स्वास्थ्य चौकी हैवारबेशी घेराबेरा | २०००००। | |
| १२ | भीमज्योति क्याम्पस खुर्कोटलाई व्यबस्थापन अनुदान | ५०००००। | |
| १३ | वडा नं ७ बाटो मर्मत | ५०००००। | |
| १४ | चक्र स्मृति पार्क बलेनी वडा नं ६ | २०००००। | |
| १५ | प्रोटिनवीट खरिद | १००००००। | |
| १६ | खोक्लिङ्ग माझकुभिण्डे सडक निर्माण वडा नं ४ | १००००००। | |

शंकर राज बराल
अध्यक्ष

ठाकुर प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं २ प्रस्ताव नं २ माथी छलफल गर्दा** यस गोलन्जोर गाउँ कार्यपालिकाको मिति २०७९।११।२७ गतेको बैठकले वडा नं ५ का तपसिलका योजना तथा कार्यक्रमहरु देहाय बमोजिम हुने गरी संसोधन गर्ने निर्णय गरेकाले उक्त निर्णय यस गाउँसभाको बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिलः

| सि.नं | साविक योजना तथा कार्यक्रम | रकम रु. | संसोधित योजना तथा कार्यक्रमको नाम | रकम रु. |
|---|---|---|---|---|
| १ | वन उपभोक्ता समिति विजयछाप | रु.१०००००/- | घट्ट माथी मन्दिर निर्माण | रु.३०००००/- |
| २ | छव्विसबाट गोविन्द बसेल घर जाने बाटो | रु.१०००००/- | | |
| ३ | नँयाखर्क विनिता घर जाने बाटो | रु.१०००००/- | | |

**निर्णय नं ३** प्रस्ताव नं. ३ माथि छलफल गर्दा गोलन्जोर गाउँसभाद्वारा गठित सार्वजनिक लेखा समितिले आ.व.२०७८/७९ को अन्तिम लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपर ***"गोलन्जोर गाउँपालिका लेखा समिति संचालन सम्बन्धी नियमावली, २०७७"*** को क्षेत्राधिकारभित्र रहेर तयार गरेको प्रतिवेदन लेखा समितिको संयोजकले सभाध्यक्ष मार्फत सभामा पेश गरेबमोजिम उक्त प्रतिवेदनमाथि दफावार छलफल गर्दा सार्वजनिक लेखा समितिले पेश गरेको उक्त प्रतिवेदन यस सम्मानित गाउँसभाबाट सर्वसम्मतले पारित गर्ने निर्णय गरियो । साथै, समितिको निर्देशन बमोजिम उक्त प्रारम्भिक प्रतिवेदनको प्रतिकृया म्याद भित्रै पेश गरी वेरुजु संपरीक्षणको लागि ***श्री महालेखापरीक्षकको कार्यालय*** समक्ष अनुरोध गर्ने निर्णय समेत गरियो ।

**निर्णय नं ४** प्रस्ताव नं. ५ माथि छलफल गर्दा गाउँपालिकाबाट विभिन्न समयमा भएको समपूरक/लागत साझेदारी प्रकृतिको विकास आयोजनाहरु- झोलुङ्गे पुल लगायतको निर्माणमा गाउँपालिकाले वेहोर्नुपर्ने लागत वापतको रकम समपूरकमा विनियोजन भएको वजेटबाट व्ययभार हुने निर्णय गरियो ।

**निर्णय नं ५** प्रस्ताव नं. ६ माथि छलफल गर्दा फेदा खोला पुल निर्माण तथा सडक स्तरोन्नती योजनाले गत आर्थिक वर्षमा संझौता बमोजिम काम नगरेकोले पेश्की जमानत खिची गा.पा.को आन्तरिक राजश्व खातामा जम्मा गरिएकोमा हाल काम गर्दै गरेकोले काम सम्मन्न भए पछि गरिने भुक्तानीमा नपुग रकम समपूरकमा विनियोजन गरिएको बजेटबाट गर्ने निर्णय गरियो ।

**निर्णय नं ६** प्रस्ताव नं ६ उपर छलफल गर्दा गोलन्जोर गाउँपालिका आ. व. २०७९।०८० को संघीय विशेष अनुदानबाट संचालन हुने सोलाभन्ज्याङ्ग व्यापरिक स्थल उधम व्यवस्थापन वडा नं ५ नेपालकै प्रशिद्ध जुनार विक्रि कक्ष तथा वजारिकरण आयोजनाको लागि रु ७०,००,०००। (अक्षरुपी सत्तरी लाख) र गोलन्जोर गाउँपालिका वडा नं ०५ को काउले खोला नयाँखर्क लिफ्ट सिंचाई आयोजनाको लागि रु ६०,००,०००। (अक्षरुपी साठी लाख) विनियोजन भएका आयोजना कार्यान्वयनको सन्धर्वमा संघीय सरकारको विशेष अनुदान सम्बन्धि कार्यविधि २०७७ (तेश्रो संसोधन सहित)को दफा ८ (२) मा भएको व्यवस्था अनुसार कार्यान्वयन गर्दा, सो आयोजना क्षेत्रमा भएका विधमान संरचनाहरु, वि .पि. राजमार्ग नजिक, जंगल नजिक, एतिहाँसिक सिन्धुली गढी नजिक र वातावरणीय हिसावले पनि सबै क्षेत्रमा ठुला मेशिन औजार प्रयोग गरी निर्माण गर्दा तत् सबै क्षेत्रमा असर पर्ने भएकोले विशेष अनुदान संचालन कार्यविधिका अन्य प्रावधानको पुर्ण रुपमा पालना गर्दै विशेष अनुदानमा संचालन हुने माथीका २ वटा आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने आजको गाउँसभा बैठकबाट सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं ७ प्रस्ताव नं ७ उपर छलफल गर्दा** गोलन्जोर गाउँपालिका वडा नं ३ को गणेशको खहरे नेरको प्रतिक्षालय निर्माण योजना संशोधन गरी खत्री कुलो मर्मत गोलन्जोर ३ बसेरी कायम गर्ने निर्णय पारित गरियो ।

शंकर राज बराल
अध्यक्ष

ठाकुर प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत